# कर्जन्हा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ प्रकाशन मितिः२०८२-०३-०२ गते

## भाग- २

### माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः–**कर्जन्हा नगरपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन गरी नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक कार्यान्वयन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम माध्यकिक तह (कक्षा ११र १२) निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

ख) यो कार्यविधि कर्जन्हा नगरपालिका भरी लागू हुनेछ ।

ग) यो कार्यविधि कर्जन्हा नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलगेमा यस कार्यविधिमाः

क) “ऐन”भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका”भन्नाले कर्जन्हानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर शिक्षा समिति”भन्नाले नगर शिक्षा ऐन,२०२८ अन्तर्गत गठित कर्जन्हा नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

घ) “शाखा”भन्नाले कर्जन्हा नगरपालिका शिक्षा, युवा, तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) “स्थानीयतह”भन्नाले कर्जन्हा नगरपालिका सम्झनु पर्दछ ।

च) “विद्यालय व्यवस्थापन समिति”भन्नाले नगर शिक्षा ऐन २०२८ अन्तर्गत गठित भएको समिति सम्झनु पर्दछ ।

छ) विद्यालय कर्मचारी भन्नाले लाईब्रेरियन, सहायक लेखापाल विद्यालय सहयोगी तथा सरसफाई कर्मचारीहरुलाई सम्झनुपर्छ ।

**३. उद्देश्यः**

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहायअनुसार रहेको छ ।

क) नेपालको संविधानले व्यवस्था गरेको माध्यमिकतहको शिक्षालाई निःशुल्क बनाउनु ।

**४. अपेक्षाः**

क) कर्जन्हा नगरपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालय (कक्षा ११ र १२) लाई निःशुल्क बनाई विद्यार्थीहरुको पहुँच अभिबृद्धि गर्ने,

**५. बजेट र सिमाः**

क) कर्जन्हा नगरपालिकाको नगर सभाबाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा हुनेछ ।

ख) नगरसभाबाट अनुमोदन हुने गरी कार्यपालिकाले बजेट थप गर्न सक्ने छ ।

**६. निःशुल्क शिक्षाका आधारहरुः**

माध्यमिक तह (कक्षा ११ र १२) मा निःशुल्क शिक्षा प्रदान गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्ः

क) नेपाल सरकारबाट कक्षा ११ र १२ सञ्चालनको लागि स्वीकृत प्राप्त गरेको ।

ख) विद्यालयमा विद्यार्थी संख्या भएको ।

ग) विद्यालयको मौजुदा दरबन्दी संख्या रहेको ।

घ) कक्षा ११ र १२ मा तोकिएको समयमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या भएको ।

ङ) विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको विवरण IEMIS मा अद्यावधिक गरेको तथ्याकं रहेको ।

**७. अनुदान सम्वन्धी व्यवस्थाः**

७.१ कक्षा ११ र १२ साधारण धार तर्फ अध्यापन गर्ने शिक्षकहरुले प्रति महिना प्रति विषयको प्रति घण्टी बढीमा रु ५,०००/ पाउनेछ।

७.२ कक्षा ११ र १२ प्राविधिक धार तर्फ अध्यापन गर्ने शिक्षकहरुले प्रति महिना प्रति विषयको प्रति घण्टी बढीमा रु ८,०००/ पाउनेछ।

७.३ प्रत्येक कक्षा ११ र १२ संचालन भएका सामुदायिक विद्यालयलाई कक्षा ११ र १२ निःशुल्क पठन पाठन गर्ने प्रयोजनका लागि शिक्षक बाहेक चौथो तहका लाइब्रेरियन-१ जना, चौथो तहका सहायक लेखापाल -१ जना तथा सरसफाई कर्मचारी -१ जनाको प्रचलित कानूनको सिमा भित्र रही तलब, चाडपर्व र पोशाक भत्ता र सो बाहेकका अन्य विद्यालय संचालन व्यवस्थापनका लागि बढीमा बार्षिक रु १,००,०००/ विद्यालयको खातामा अनुदान उपलब्ध गराइनेछ ।

**८. विद्यालयले शुल्क लिन नपाउनेः**

क) नगर कार्यपालिकाबाट कार्यविधि पारित भएको मितिदेखि निःशुल्क शिक्षा सम्बन्धी अनुदान प्राप्त गरेका विद्यालयहरुले विद्यार्थीहरुबाट कुनै पनि शीर्षकमा शुल्क लिन पाउने छैनन् तर परीक्षा, रजिष्ट्रेशन शुल्क, चारित्रिक प्रमाणपत्र शुल्क र राज्यलाई तिर्नुपर्ने कर सम्वन्धी शुल्क भने विद्यार्थी स्वयंले नै व्यहोर्नु पर्ने छ ।

ख) कक्षा ११र १२ को पाठ्यपुस्तकाको व्यवस्था विद्यालयमा पुस्तकालय स्थापना गरी आवश्यकता अनुसार विद्यालयले अनुदान रकमबाट नै गर्नु पर्ने छ ।

**९.लेखापरिक्षण सम्बन्धी व्यवस्थाः**

क) प्रत्येक वर्ष विद्यालयले लेखा परीक्षण सँगै सामाजिक लेखा परीक्षण अनुदानको समेत परीक्षण गर्नुपर्नेछ ।

ख) नगरपालिकाबाट प्राप्त हुने अनुदानको लेखा परीक्षण प्रत्येक वर्ष नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयले गराउनु पर्नेछ ।

**१०. अनुगमन सम्बन्धी व्यवस्थाः**

क) माध्यमिकतह (कक्षा ११र १२) को निःशुल्क शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन अनुसूची–१ अनुसार अनुगमन समितिले गर्नेछ ।

**११. बाधा अड्काउ फुकाउः**

यस कार्यविधि अनुसारको कार्यान्वयनमा केही बाधा अड्काउ भएमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

## अनुसूची –१

माध्यमिकशिक्षा (कक्षा ११र १२) निःशुल्कशिक्षा सम्बन्धी कार्यक्रमको अनुदान समिति देहाय बमोजिम हनेछः

नगर उपप्रमुख– संयोजक

विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष– सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य-सचिव

**आज्ञाले,**
**राज कुमार दास**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमाणिकरण मितिः २०८२-०३-०२